# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

## थलारा गाउँपालिका

## बझाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.३४४

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
थलारा गाउँपालिका,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले थलारा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.१ करोड ४७ लाख १९ हजार बेरुजु देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.४० लाख ४५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८५ लाख ८६ हजार, नियमित गर्नुपर्ने रु.१० लाख ८२ हजार र पेश्की रु.१० लाख ६ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रु.३ करोड ९६ लाख ८८ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.४ करोड ८३ लाख २६ हजार रहेको छ । पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

थलारा गाउँपालिका,बझाङ

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्योट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४९ | ४५ | १४७१९ | ० | ० | ० | ४९ | ४५ | १४७१९ | ४०४५ | १०८२ | ८५८६ | ० | ० | ९६६८ | १००६ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्र्योट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ३९६८८ | 0 | ६०८१ | ३३६०७ | 0 | १४७१९ | ४८३२६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : थलारा गाउँपालिका, बझाङ , थालारा गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कवि राज उपाध्याय | २०७७-४-१ | |
| कार्यालय प्रमुख | सिद्ध राज पण्डित | २०७८-१२-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | पदम बहादुर ओली | २०७७-६-१५ | |
| लेखा प्रमुख | गोविन्द्र बहादुर विष्ट | २०७७-४-१ | |
| लेखा प्रमुख | मनि राम जोशी | २०७७-१२-२७ | |
| लेखा प्रमुख | प्रकाश भण्डारी | २०७८-४-१ | |
| | | **बेरुजु रकम** | १४,७१९,०४५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,७२,५५,०४०.६४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४०,५२,१७,०८० | **चालु खर्च** | २८,०५,३१,४८५.४ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०३,७९,००० | **पूँजीगत खर्च** | १८,६४,६१,३००.७ |
| **राजश्व बाँडफाँट** | ५,६४,६०,०४७.३४ | **वित्तीय/अन्य व्यवस्था** | १०,६४,०९,३७३.८ |
| **आन्तरिक आय** | १६,५९,०५२ | | |
| **अन्य आय** | ७,६७,४७,०४८.३१ | | |
| **कुल आय** | ५६,०४,६२,२२७.६५ | **कुल खर्च** | ५७,३४,०२,१५९.९ |
| **बाँकी मौज्दात** | | २,४३,१५,१०८.४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय-**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा, ४५ सभा सदस्य, १०५.५वर्ग किलोमिटर क्षेत्रफल तथा १७ हजार ९५२ जनसंख्या रहेको छ ।<br><br>**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । स्थानीय तहको लेखाङ्कन व्यवस्थापन प्रणाली सुत्र र बैङ्क विचको तादम्यता काय गरेको छैन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **बैंक हिसाव मिलान नगरेको-**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्दछ । पालिकाले पेश गरेको विवरण अनुसार स्रेस्ता र बैङ्क अनुसारको मौज्दात निम्नानुसार देखियो । | १,६४७,६७५ |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०७8 असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७8 असार मसान्तको बाँकी |
|---|---|---|---|
| १ | सञ्चित कोष | १७९८०५८९.८३ | १६३३२९१४.९३ |
| २ | चालु खाता | 0 | 0 |
| ३ | पूँजीगत खाता | 0 | 0 |
| ४ | मर्मत खाता | 0 | 0 |
| ५ | कल्याण कोष खाता | 0 | 0 |
| ६ | प्रकोप व्य कोष खाता | 1117582.50 | 1117582.50 |
| ७ | बिबिध खर्च खाता | ३७७८८४.३२ | ३७७८८४.३२ |
| ८ | डोजर संचन कोष खाता | 364936.25 | 364936.25 |
| ९ | लैंगिक हिंसा निवारण कोष खाता | 100000 | 100000 |
| १० | धरौटी मौज्दात | ४३७४११६.२४ | ४३७४११६.२४ |
| | जम्मा | २४३१५१०९.१४ | २२६६७४३४.२४ |

३

**आन्तरिक नियन्त्रण प्रणाली-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १२ ऐन, २ नियमावली, ६ कार्यविधि ४ निर्देशिका समेत २५ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | • मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफल-**<br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| ५ | | | **कानून र सञ्चालन स्थिति-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४८ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, | |

२ वटा नियमावली, ६ वटा कार्यविधि लगायत २५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । साथै पालिकाले २५ वटा कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशित गरेको छ । आवश्यक कानूनहर तर्जुमा गरी कार्यन्वयनमा ल्याउनु पर्दछ ।

६

**कार्य संचालन कार्यविधि-**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ ।

| **क्र स** | **कार्यक्रमको नाम** |
|---|---|
| १ | अध्यक्ष विशेष कार्याक्रम |
| २ | अध्यक्ष जनता आवास कार्यक्रम |
| ३ | दलित विशेष कार्यक्रम |

७

**न्यायिक समिति-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ० र यो बर्ष थप भएको २५ गरी कूल २५ विवाद दर्ता भएकोमा २५ वटा नै फछ्यौंट भएको देखिन्छ ।

८

**योजना र कार्यान्वयन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र.सं. | विवरण | योजनासंख्या |
|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ८८ |
|  | रु. १ लाख देखि २ लाख सम्मका योजना | ८३ |
| २ | रु २ देखि पाँच लाख सम्मका योजना | ७१ |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | ३१ |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | २८ |
| ५ | ५० लाख भन्दा माथीका | १३ |
|  | **जम्मा** | **३१४** |

९

**बजेट पेश,पारित र अख्तियारी-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुख श्री गंगुदेवी खडायतले २०७७ असार १० गते रू ४७ करोड ६४ लाख ६९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७ असार १० मा नै पारित भएको छ । तर स्थानीय तहको सुत्रमा विनियोजित बजेट रू. ४६ करोड ८३ लाख ४२ हजार प्रविष्टि भएकोमा संशोधित बजेट सभाले समर्थन गरेको छैन । संशोधन सहितको बजेट सभाबाट समर्थन हुनु पर्दछ ।

१०

**अवण्डा बजेट-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.१३ लाख ३० हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिमा भएको निर्णयबाट निम्नानुसारका योजनामा खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

| गो.भौ.नं/मिति | कार्यक्रम | | रकम रु |
|---|---|---|---|
| ४६६।२०७८/२/२० | बादि टोल फर्मा खरिद | अध्यक्ष विशेष | ५००००.० |
| ४७७।२०७८/२/२५ | कालिका मन्दिर निर्माण | अध्यक्ष विशेष | ५००००.० |
| ४६६।२०७८/२/२० | साझा भवन प्लाष्टर र रंगरोगन ५ नं वडा | दलित कार्यक्रम | ९६०००.० |
| ५७०।२०७८/३/१७ | दलित कार्यक्रम २ नं वडा | दलित कार्यक्रम | १०००००.० |
| ५९५।२०७८/३/२१ | बसेला कुलो मर्मत | अध्यक्ष विशेष | १०००००.० |
| ६००।२०७८/३/२२ | बाठापाला लबाचौर मन्दिर गेट निर्माण | दलित कार्यक्रम | १०००००.० |
| ६१४।२०७८/३/२२ | राष्ट्रिय दलित नेटवर्कलाई विभिन्न कार्यक्रम सञ्चालन | अध्यक्ष विशेष र दलित कार्यक्रम | १९६५१०.० |
| ६१९।२०७८/३/२३ | वडा नं ६ मा खाद्यान्न वितरण | दलित कार्यक्रम | ९९०००.० |
| ६२९।२०७८/२/२४ | अभिमुखिकरण तालिम वडा नं ९ | दलित कार्यक्रम | १०००००.० |
| ६२७।२०७८/२/२४ | मास्क र स्यानिटाइजर वितरण ३ नं वडा | दलित कार्यक्रम | १०००००.० |
| ६३०।२०७८/२/२४ | साझा घरको गेट निर्माण वडा नं ४ | दलित कार्यक्रम | ४००००.० |
| ६३२।२०७८/२/२४ | डौठा गाउँ घट्टो मर्मत | अध्यक्ष विशेष | ९८२१३.० |
| ४५१।२०७८/२/१४ | भगवती फर्निचर उद्योगलाई अनुदान | जनता सँग अध्यक्ष | १०००००.० |
| ५९५।२०७८/३/३१ | बसेला कुलो मर्मत | अध्यक्ष विशेष | १०००००.० |
| जम्मा | | | १३२९७२३.० |

११

**चौमासिक पूँजिगत खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | |
|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक |
| १ | चालु खर्चतर्फ | 281808142 | 92279321 | 72034218 | 117494602 |
| २ | पूँजिगत खर्चतर्फ | 186534026 | 14174767 | 34166073 | 138193186 |
| | जम्मा | 468342168 | 106454088 | 106200291 | 255687788 |
| | प्रतिशत | **100%** | **22.7%** | **22.7%** | **5४.६%** |

उल्लिखित विवरण अनुसार पहिलो चौमासिकमा २२.७ प्रतिशत, दोस्रो चौमासिकमा २२.७ प्रतिशत र तेस्रो चौमासिकमा ५४.६ प्रतिशत खर्च गरेको देखियो । आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने पद्धतिमा सुधार गरी सार्वजनिक खर्च व्यवस्थापनमा गुणात्मक सुधार ल्याउनु पर्दछ ।

१२

**क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | 55980260 | 48561927 | 10.36% |
| २ | पूर्वाधार विकास | 78878320 | 74686701 | 1५.९५% |
| ३ | सामाजिक विकास | 273589690 | 237476935 | 50.7१% |
| ४ | बातावरण तथा विकास | 0 | 0 | 0 |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 8300600 | 7103520 | 1.5२% |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 119719969 | 100513084 | 21.46% |
| जम्मा | | ५३६४६८८३९ | ४६८३८२१६७ | १००% |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५०.७१ प्रतिशत र सबै भन्दा घटी बातावरण तथा विकासमा ० प्रतिशत प्रतिशत खर्च भएको छ ।

<table>
<tr><td></td><td></td><td></td><td>मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>खर्च विश्लेषण<br>पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू.१६५९०५२.० राजस्व बाँडफाँड र अनुदानबाट रू. ४८०१८८३३९.९२ समेत रू. ५९५९४९४८०.७० आम्दानी भएकोमा चालु तर्फ रू. २८०५३१४८५.४ र पूँजिगत तर्फ रू. १८६४६१३००.७ र बित्तिय ब्यबस्था तर्फ रू. ०.० समेत रू. ५७७६७२५६५.३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.२९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.९०८०५००।- खर्च भएको छ जुन आन्तरिक आयको ५४७.३३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.४२ प्रतिशत चालु र ४१.५७ –प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ मा पुँजिगत बजेटबाट चालु प्रकृतिको खर्च गर्न सकिने व्यवस्था छैन । पालिकाले देहाय अनुसारका चालु प्रकृतिका खर्च पूँजीगत शीर्षकबाट भुक्तानी दिएको पाईयो । कन्टिन्जेन्सी वापतको रकमबाट खर्च लेखिएको देखिएन । रकमान्तर नगरी पुँजिगत शिर्षकबाट लेखिएको चालु खर्च नियमित गर्नु पर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>७ कर्मचारी</td><td>सरुवा भ्रमण खर्च</td><td>237200.00</td></tr>
<tr><td>२</td><td>स्थानीय पाठ्यक्रम निर्माण कार्य</td><td>बैठक भत्ता</td><td>28152 .00</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>506525.00</td></tr>
</table></td><td>५०६,५२५</td></tr>
<tr><td>१५</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको प्रतिशतमा ५ नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु २४०००००.० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>कर्मचारी करार<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न २५ जना कर्मचारीहरु करारमा राखी रु.५५९६२००.० खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | | वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
| | | | | ९ | ९ | ४ | ५ |

| | | | | |
|---|---|---|---|---|
| १८ | | | **स्थानीय तथ्याङ्क,अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १९ | | | **सेवा प्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ९२४ |
| मृत्युदर्ता | १४२ |
| बसाईसराई दर्ता | १६ |
| विवाह दर्ता | १६७ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **प`र्वाधार विकास सडक निर्माण** | |
| पुर्वाधार विकास सडक निर्माण | ९.१ कि.मि. |
| कालोपत्रे सडक निर्माण | मि. |
| कालोपत्रे सडक मर्मत | 0 |
| ग्राभेल सडक निर्माण | ४.५कि.मि. |
| ग्राभेल सडक मर्मत | १०१.२६कि.मि. |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

| | | | | |
|---|---|---|---|---|
| २० | | | **पदाधिकारी सुविधा**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार सुदूरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ असार ११ मा राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधाको दर अनुसार गाउँसभा सदस्य ५६ जनाको सुविधा बापत बार्षिक रु.९०८०५००.० खर्च भएको देखिन्छ । | |
| २१ | | | **न्यायिक सल्लाहकार तलव** | १८८,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालयबाट नियुक्त कर्मचारीहरुले नियमित रुपमा कार्यलय समयमा कार्यालयमा आइ नियमित कार्यसम्पादन गर्नुपर्ने हुन्छ । यसरी नियमित कार्यालयमा उपस्थित भइ कार्य गर्ने कर्मचारीहरुलाई मात्र नियमित तलब उपलब्ध गराउनुपर्दछ । यस पालिकाले कार्यालयको न्यायिक कार्यमा सहयोग गर्नेगरी एक जना स्थानीय कानून व्यववसायीलाई न्यायिक सल्लाहाकारका रुपमा नियुक्त गरि मासिक रु १५०००.० का दरले तलब उपलब्ध गराउने गरेकोमा निज सल्लाहाकारको कार्यालयमा हाजिरी रेकर्ड नभएको र नियमित कार्यालयमा उपस्थित नहुने गर्नुका साथै सम्पादित कार्य विवरण समेत पेश नभएकोले निजलाई भुक्तानी भएको १२ महिनाको तलब असुल गर्नुपर्दछ । | |
| २२ | | | **सहजिकरण भत्ता**<br>६४९।२०७८/३/२६ नेपाल सरकार अर्थमन्त्रालयले जारी गरेको कार्यक्रम संचालन निर्देशिका २०७५ को नियम ७.१.१५मा तालिम केन्द्र बाहेकको अन्य निकायबाट सञ्चालित सबै प्रकारका गोष्ठि/सेमिनार/ तालिममा प्रशिक्षण, कार्यपत्र, सहयोगी र सहभागीहरुलाई खाजा लगायतका भत्ता उल्लेख भएपनि सहजिकरण बापत कुनै पनि भत्ता उपलब्ध गराउने उल्लेख गरिएको छैन । यस पालिकाले २०७८/३/२० मा वडा नं ५ मा सञ्चालित बालबालिका कतथा ज्येष्ठ नागरिक अपाङ्ग सशक्तिकरण कार्यक्रममा त्यसै वडाका वडाध्यक्ष लगायत अन्य २ जनाले सहजीकरण बापत प्रतिदिन प्रतिव्यक्ति रु १५००.० का दरले २ दिनको रु ९०००.० बुझेको पाइयो । निर्देशिकामा उल्लेख नभएको भत्ता बापतको रकम सम्बन्धित बाट असुल गरिनुपर्ने रु | ९,००० |
| २३ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष १४२ व्यक्ति एवं संघ संस्थालाई रु.१००००००.० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २४ | | | **मन्दिर निर्माण तथा मर्मत**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न २९ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू. ३७ लाख १० हजार विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमा कूल पालिकाको पुँजिगत बजेटको ४.३२ प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ । | |
| २५ | | | **मापदण्ड वेगर खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न स्थानमा साझा भवनहरुमा निम्नानुसार रु १६ लाख २ हजार अनुदान दिइएको छ । मापदण्ड वेगर निश्चित प्रयोजन नखुल्ने पालिकाको दिर्घकालिन योजनालाई सम्वोधन नहुने यस्ता खर्च मितव्ययी र प्रभावकारी भएको देखिएन । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिएकोले यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र स | कार्यलय वा संस्थाको नाम | कामको प्रकृतिको | भुक्तानी रकम |
|---|---|---|---|
| 385/2/24 | ग्यालेक्सी यूवा क्लव साझा भवन | भवन निर्माण | 218000.00 |
| 285/3/7 | साझा भवन वडा न ४ | भवन निर्माण | 182400.00 |
| 297/3/11 | साझा भवन वडा न ३ | भवन निर्माण | 272440.00 |
| 193/3/20 | साझा भवन वडा न ३ | भवन निर्माण | 273600.00 |
| 399/3/26 | सामुदायिक भवन भण्डारी गाउ | भवन निर्माण | 200000.00 |
| 404/3/26 | साझा भवन निर्माण ठिङ | भवन निर्माण | 273000.00 |
| 389/3/24 | डिखला साझा भवन | भवन निर्माण | 182400.00 |
| | | | 1601840.00 |

२६

**अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गर्नु पर्दछ । तर पालिकाले निम्नानुसार संघीय संचित कोष र प्रदेश संचित कोषमा आर्थिक वर्ष २०७७।७८ मा रू.३५९९६८४४.० र असार मसान्त पश्चात रु.४५१६७०७.१४ फिर्ता गरेको देखियो । निम्नानुसार बाँकी सम्बन्धित संचित फिर्ता गर्नुपर्ने रु.

३,६२३,८२५

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २७९०१७०८० | २३७२९७५६८.६६ | ३५६१७००५. | 6102506.3 |
| | विषेश | १५०००००० | १५००००००.० | ० | ० |
| | समपुरक | ४०००००० | १९६१९७४.० | ० | 2038026.0 |
| | जम्मा | २९८०१७०८० | २५४२५९५४२.६६ | ३५६१७००५ | ८१४०५३२.० |
| प्रदेश सरकार | शसर्त | ६४०८००० | ६१८८१६१.० | ३७९८३९ | -१६००००.० |
| | विषेश | ७०००००० | ७००००००.० | ० | ० |
| | समपुरक | ० | ० | ० | ० |
| | जम्मा | १३४०८००० | १३१८८१६१.० | ३७९८३९ | -१६००००.० |

२७

**अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले विभिन्न कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदको लागि विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२८

**अनुगमन प्रतिवेदन**

विशेष अनुदान तथा समपुरक सम्बन्धी कार्यविधि २०७५ मा विशेष र समपुरक अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगमन प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन सम्बन्धित प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ ।त्यसैगरी समपुरक अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन । कार्यविधिको व्यवस्था अनुसार अनुगमन हुनु पर्दछ ।

| क्र स | स्रोत | योजनको नाम | खर्च |
|---|---|---|---|
| १ | संघीय समपुरक अनुदान | पिखेत देखि गा पा सम्म सडक निर्माण | 3737094.00 |
| | **जम्मा** | | **3737094.00** |
| १ | संघीय विशेष अनुदान | स्वास्थ्य चौकी भवन निर्माण | 2390624.00 |
| २ | | त्रिभुवन मा वि भवन निर्माण | 2525162.00 |
| ३ | | दुर्गा भवानी आ वि भवन निर्माण | 2695672.00 |
| | **जम्मा** | | **7611458.00** |
| १ | प्रदेश विशेष अनुदान | लक्ष्मी मा वि भवन निर्माण | 1878124.00 |
| २ | | शारधा मा वि भवन निर्माण | 1940000.00 |
| ३ | | सिमल्लेख चायगडा सिचाई पोखरी निर्माण | 970000.00 |
| | **जम्मा** | | **4788124.00** |

२९

**जेसिवि सञ्चालन**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारिता र औचित्यता समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । यस पालिका बाट संचालित जेसिबीको निम्नानुसारको आय व्ययको विवरण अनुसार कूल व्ययको जममा ३१ प्रतिशत मात्र आय भएको अवस्था छ ।यसरी संचाचिल जेसीबीले कति सेवा ग्राहीलाई सेवा दिइएको थियो । जेसीवी कति घण्टा चलाइएको थियो सो सम्बन्धी तथ्याङ्क अध्यावधिक गरी राखेको छैन जसले गर्दा यी सेवा संचालनमा भएको आम्दानी र खर्चको यथार्थता परीक्षण गर्ने सकिने स्थिति छैन । पालिकाले स्रोतको सुनिश्चितताको आधारमा आफ्नो सेवा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ । लागत लाभको आधारमा कार्यविधि तय हुनु पर्दछ ।

| आय | | व्यय | | |
|---|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम | |
| जेसीवी भाडा वापत | 475000.00 | जेसीवीको चालको पारिश्रमिक | 310050.00 | |
| | 0 | सहचालकको पारिश्रमिक | 65000.00 | |
| | 0 | मर्मत खर्च | 602943.00 | |
| | 0 | ईन्धन खर्च | 511089.00 | |
| जम्मा | 475000.00 | जम्मा | 1489082 | |

| | | | | |
|---|---|---|---|---|
| ३० | | | **राजस्व व्यवस्थापन**<br>डोजर संचालन कार्यविधि¸२०७५ मा गाउपालिकाको डोजर रू ३५००।०० मा भाडामा लगाउनु पर्ने व्यवस्था छ । यो वर्ष डोजर भाडामा लगाउदा प्राप्त भएको रकम रू ४७५०००।०० प्राप्त भएको छ । डोजर भाडामा दिएको र आफ्नै पालिकाको योजनामा प्रयोग भएको विवरण अध्यावधिक नभएकोले प्राप्त भएको आम्दानी यथार्थ हो भन्न सकिने अवस्था देखिएन । डोजरको लगबुक अध्यावधिक राख्नु पर्दछ । | |
| ३१ | | | **मूल्य अभिबृद्धि कर**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ र ८ मा मुअकर मा दर्ता भएका प्रत्येक व्यक्तिले आफुले कुनै बस्तु तथा सेवाको आपुर्ति गर्दा तोकिए बमोजिमको बिजक जारी गर्नु पर्ने र मुअकर योग्य बस्तु तथा सेवा बिक्रीमा मुअकर असुल गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिहरु मार्फत निम्नानुसारको सडक खन्ने कार्य गर्दा मु अ करमा दर्ता भएको फर्मबाट एक्साभेटर तथा मेशिन भाडामा लिएकोमा तोकिए बमोजिम बिजक जारी नगरी सेतो कागजमा भरपाई पेश गरेको देखियो । जसले गर्दा निजले बिक्रीमा असुल गरेको मुअकर लुकाउनुका साथै बिक्री खातामा अभिलेख नराखी आय समेत नदेखाउन सक्ने सम्भावना रहन्छ । अतः यस पालिकाबाट भुक्तानी भएको निम्नानुसार रकमको सम्बन्धमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश गर्नु पर्ने रू | ३१३,१७६.११ |

| भौ न मिति | योजनाको नाम | दर्तावाल फर्मको नाम | **भुक्तानी भएको भाडा रकम** |
|---|---|---|---|
| **110/12/9** | गुगै गाँउ सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 62097.00 |
| **113/12/9** | सिरेटो खाली सडक नि उ स | गोल्डेन कन्स्ट्रक्सन | 321000.00 |
| **114/12/26** | केइरालाकोटबाट धपाडीपाटा मन्दिर सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 453000.00 |
| **158/12/28** | मोहेन्द्र मोयल सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 128000.00 |
| **209/1/31** | उत्गडी मोतिपूर सडक नि उ स | लक्ष्मण भण्डारी | 432600.00 |
| **258/2/23** | बगाडा देखि खापरदह सम्म सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 150000.00 |
| **263 2/24** | सानागाँउ सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 59388.00 |
| **270/2/27** | झपाली आठबीस सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 217800.00 |
| **271/2/27** | डुङ्ग्री खाखा सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 84120.00 |
| **274** | तराटी पिखेत सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 221352.00 |
| **287/3/7** | धामीगाँउ दिलीप सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 85590.00 |
| **392/3/24** | दुवाली गनाउने पिपल सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 70800.00 |
| **383/3/24** | स्वास्थ्य र वडा कार्यालय सम्मको सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 123300.00 |
| | जम्मा | | 2409047.00 |

३२

**न्यून विजकीकरण तथा न्यून प्राप्ति लेखाङ्कन**

आयकर ऐन २०५८ को दफा ७ मा कुनै व्यक्तिले व्यवसाय संचालनबाट प्राप्त आयलाई करयोग्य आयमा समावेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिहरु मार्फत निम्नानुसारको सडक खन्ने कार्यका लागि विभिन्न निर्माण व्यवसायीहरुको एक्साभेटर प्रयोग गरिएकोमा उपभोक्ता समितिबाट भाडा वापतको रकम प्राप्त गर्दा विजक जारी नगरी सेतो कागजमा भरपाई पेश गरेको देखियो ।साथै योजनाको पुरै काम भाडामा लिइएको डोजर मार्फत सम्पादन भएकोमा निकै न्यून अंश डोजर धनी निर्माण व्यवसायीहरुलाई भुक्तानी गरेको भरपाई पेश गर्ने र भुक्तानी भएको ठूलो अंश ज्याला वापतको भुक्तानी भएको भनि डोर हाजिरी पेश गर्ने गरिएबाट डोजरधनी तथा निर्माण व्यावसायीहरुले वास्तविक भन्दा न्यून आय देखाउन सक्ने सम्भावना देखियो । सबै काम डोजर मार्फत सम्पन्न भएकोमा ज्याला वापतको ठूलो अंश भुक्तानी हुने अवस्था देखिदैन । अतः उपभोक्ता समितिहरुले भाडा वापत डोजरधनी निर्माण व्यवसायीलाई भुक्तानी भएको वास्तविक अङ्क यकिन गरी आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिइ राजस्व चुवाहट नियन्त्रण गर्ने कार्यमा आवश्यक सहयोग गर्न आवश्यक छ ।

| भौ न मिति | योजनाको नाम | दर्तावाल फर्मको नाम | कूल भूक्तानी रकम | डोजर तथा ईन्धन वापतको भुक्तानी | भुक्तानी भएको डोजर तथा ईन्धन वापतको रकम |
|---|---|---|---|---|---|
| 110/12/9 | गुगै गाँउ सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 365105 | 98458 | 27% |
| 113/12/9 | सिरेटो खाली सडक नि उ स | गोल्डेन कन्स्ट्रक्सन | 1425000 | 488387 | 34% |
| 114/12/26 | केइरालाकोटबाट धपाडीपाटा मन्दिर सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 380000 | 495211 | 130% |
| 158/12/28 | मोहेन्द्र मोयल सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 746575 | 203879 | 27% |
| 209/1/31 | उत्गडी मोतिपूर सडक नि उ स | लक्ष्मण भण्डारी | 1425000 | 584358 | 41% |
| 258/2/23 | बगाडा देखि खापरदह सम्म सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 475000 | 240428 | 51% |
| 263/2/24 | सानागाँउ सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 181475 | 100930 | 56% |
| 270/2/27 | झपाली आठबीस सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 875900 | 359671 | 41% |
| 271/2/27 | डुङ्ग्री खाखा सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 379160 | 135824 | 36% |
| 274/2/30 | तराटी पिखेत सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 1709085 | 364589 | 21% |
| 287/3/7 | धामीगाँउ दिलीप सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 757680 | 143914 | 19% |
| 392/3/24 | दुवाली गनाउने पिपल सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 475000 | 175890 | 37% |
| 383/3/24 | स्वास्थ्य र वडा कार्यालय सम्मको सडक नि उ स | ए वि कन्स्ट्रक्सन | 666088 | 196863 | 30% |
| | **जम्मा** | | **9861068** | **3588402** | **36%** |

| | | | | |
|---|---|---|---|---|
| ३३ | | | **रितपूर्वकको कर विजक**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु. १२४४०१२.० समेत रु. १०८०३३८१.० समाना तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर (भ्याटविलमा हातले विजक नम्बरको आधारमा) पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | १,२४४,०१२ |

| भौ.नं. र मिति | निर्माण व्यवसायी | विजक नं. | विल रकम | भ्याट रकम |
|---|---|---|---|---|
| १८७-२०७८।३।२४ | गोल्डेन कन्ष्ट्रक्सन, टोखा काठमाडौँ । | ३२ | ११३२९७०.० | १३०३४१.० |
| ५५-२०७७।१२।२६ | | १३ | १२६५४४७.० | १४५५८२.० |
| १८८-२०७८।३।२४ | | ३३ | १२५२४७३.० | १४४०८९.० |
| १८९-२०७८।३।२४ | | ३१ | ५६५९३१.० | ६५१०७.० |
| ३१-२०७७।१०।२८ | | ९ | १३४७८३६.० | १५५०६०.० |
| ४९-२०७७।१२।३ | | १२ | १२४७६५४.० | १४४६८५.० |
| २०३-२०७८।३।२४ | डि.जि.एस. निर्माण सेवा | ७५ | ५६०६२१.० | ६४४९६.० |
| ५०-२०७७।१२।३ | | ३६ | २८१३७४९.० | ३२३७०५.० |
| २१६-२०७८।३।२५ | Giri Hardware and Construction Material | ४३ | ६१६७००.० | ७०९४७.० |
| जम्मा | | | १०८०३३८१.० | १२४४०१२.० |

३४

**उपभोक्ता समिति दर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २६४ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू.६६५९१६५.० भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

३५

**उपभोक्ता समिति मार्फत मेशिनको प्रयोग र भुकतानी**

१,८३५,००७

पालिकाले स्वीकृत गरेको स्थानीय दररेटमा सडक निर्माणको क्रममा प्रयोग गरिने मेशिनको भाडा दररेट सडक विभागको नर्मस अनुसार हुने उल्लेख छ । सडक विभागले जारी गरेको Guidelines for Estimating Equipment Ownership and Operating Costs मा Excavator प्रयोग गर्दा लाग्ने प्रति घण्टा भाडा दर निम्नानुसार निर्धारण गरेको छ ।

| **Ownership cost (NRs/Hr)** | **Servicing (NRs/Hr)** | **Maintenance (NRs/Hr)** | **Feul (L/hr)** | **Skilled hour** | **Total** |
|---|---|---|---|---|---|
| **620** | **165** | **275** | **14.40** | **0.125** | |
| **620** | **165** | **275** | **1627#** | **19.471*** | **2606.67** |

*as per DOR Norms, District Rate Crew/hr = (30xDaily Rate)/(8x26) = (30x1080)/208 = 155.77, now as per DOR Norms 155.77x0.125=19.371
# as per NOC, Fuel rate = Rs 113 per Liter = 113x14.4

उल्लिखित व्यवस्था अनुसार मेशिन भाडा दर प्रतिघण्टा रू २६०६।६७ कायम गरिएको छ । अत सडक विभागको Norms for rate analysis 2075 अनुसार सबै प्रकारका माटो खन्ने कामको लागि प्रति ३६० घन मिटरको लागि १ दक्ष श्रमिक, ३ अदक्ष श्रमिक र ६ मेसिन घण्टा लाग्ने, सामान्य चट्टान काट्न प्रति १२० घन मिटर काट्न १ दक्ष श्रमिक, ३ अदक्ष श्रमिक र ६ मेसिन घण्टा लाग्ने र कडा चट्टान १६ घन मिटर काट्न १ दक्ष श्रमिक, १० अदक्ष श्रमिक र ६ मेसिन घण्टा लाग्ने उल्लेख छ । जस अनुसार आर्थिक वर्ष २०७७।७८ मा बझाङ जिल्लाको स्वीकृत ज्याला दररेटको आधारमा प्रति घन मिटर सडक निर्माणमा लाग्ने निम्नानुसारको लागत भन्दा पालिकाले बढी दरको लागत अनुमान तयार गरेको देखियो ।

| माटोको प्रकार | दर विश्लेषण अनुसार प्रतिघन मिटर लागत रू. | पालिकाले तय गरेको लागत अनुमान प्रति घन मिटर | बढी कायम भएको लागत प्रति घन मिटर दर |
|---|---|---|---|
| सामान्य माटो | **52.27** | **66.91** | **14.64** |
| कडा माटो | **52.27** | **88.97** | **36.70** |
| नरम चट्टान | **156.83** | **313.32** | **156.49** |
| कडा चट्टान | **1482.50** | **1396.18** | **-86.32** |

अतः पालिकाबाट उपभोक्ता समिति मार्फत भएका सडक निर्माण कार्यको लागि तयार गरेको लागत अनुमानमा सडक विभागको नर्मस भन्दा फरक दर तय भए बाट निम्नानुसार बढि भुक्तानी भएको देखियो । बढि भुक्तानी सम्बन्धित उपभोक्ता समितिहरुबाट असुल हुनु पर्दछ ।

| योजनाको नाम | सडकको प्रकृति | परिमाण घन मिटरमा | बढी कायम दर | बढी देखाइएको लागत रु |
|---|---|---|---|---|
| गुगै गाँउ सडक नि उ स | कडा माटो | 679 | 36.7 | 24919.30 |
| | नरम चट्टान | 250 | 156.49 | 39122.50 |
| | कडा चट्टान | 208.46 | -86.32 | -17994.27 |
| सिरेटा रावली सडक नि उ स | सामान्य माटो | 1284 | 14.64 | 18797.76 |
| | कडा माटो | 3356 | 36.7 | 123165.20 |
| | नरम चट्टान | 703 | 156.49 | 110012.47 |
| महेन्द्रधार मोयल सडक नि उ स | कडा माटो | 1531.52 | 36.7 | 56206.78 |
| | नरम चट्टान | 474.06 | 156.49 | 74185.65 |
| | कडा चट्टान | 421.97 | -86.32 | -36424.45 |
| उत्गडी मोतिपुर सडक नि उ स | सामान्य माटो | 3503.08 | 14.64 | 51285.09 |
| | कडा माटो | 5885.57 | 36.7 | 216000.<br>2 |
| | नरम चट्टान | 1295.6 | 156.49 | 202748.44 |
| | कडा चट्टान | 1039 | -86.32 | -89686.48 |
| बगडा देखि खापरदह सम्म सडक निर्माण उ स | सामान्य माटो | 850.31 | 14.64 | 12448.54 |
| | कडा माटो | 1809.68 | 36.7 | 66415.26 |
| | नरम चट्टान | 756.79 | 156.49 | 118430.07 |
| | कडा चट्टान | 66.83 | -86.32 | -5768.77 |
| सानागाँउ सडक नि उ स | सामान्य माटो | 1185 | 14.64 | 17348.40 |
| | नरम चट्टान | 369 | 156.49 | 57744.81 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | झपाली आठबीस सडक नि उ स | कडा माटो | 3782.41 | 36.7 | 138814.45 | | |
| | | | | | नरम चट्टान | 1035.41 | 156.49 | 162031.31 | | |
| | | | | | कडा चट्टान | 264.98 | -86.32 | -22873.07 | | |
| | | | | डुङ्ग्री खाखा सडक वडा ८ नि उ स | कडा माटो | 966.79 | 36.7 | 35481.19 | | |
| | | | | | नरम चट्टान | 507.24 | 156.49 | 79377.99 | | |
| | | | | | कडा माटो | 154.2 | -86.32 | -13310.54 | | |
| | | | | तराटी पिखेत सडक वडा ६ नि उ स | सामान्य माटो | 575.05 | 14.64 | 8418.73 | | |
| | | | | | कडा माटो | 3373.39 | 36.7 | 123803.41 | | |
| | | | | | नरम चट्टान | 573.99 | 156.49 | 89823.70 | | |
| | | | | | कडा चट्टान | 580.14 | -86.32 | -50 77.68 | | |
| | | | | धामीगाँउ दिलिप सडक उ स | कडा माटो | 2797 | 36.7 | 102649.90 | | |
| | | | | मोयल उत्गडी शाखा सडक स्तरोन्नति स | सामान्य माटो | 19.25 | 14.64 | 281.82 | | |
| | | | | | कडा माटो | 672.48 | 36.7 | 24680.02 | | |
| | | | | | नरम चट्टान | 1.15 | 156.49 | 179.96 | | |
| | | | | | कडा चट्टान | 71.51 | -86.32 | -6172.74 | | |
| | | | | दुवाली गनाउने पिपल सडक उ स | सामान्य माटो | 108.54 | 14.64 | 1589.03 | | |
| | | | | | कडा माटो | 464.85 | 36.7 | 17060.00 | | |
| | | | | | नरम चट्टान | 244.56 | 156.49 | 38271.19 | | |
| | | | | | कडा चट्टान | 316.8 | -86.32 | -27346.18 | | |
| | | | | स्वास्थ्य कार्यालय देखि वडा कार्यालय सम्मको सडक नि उ स | कडा माटो | 3016.62 | 36.7 | 110709.95 | | |

| | | | | |
|---|---|---|---|---|
| | कडा चट्टान | 200.9 | -86.32 | -17341<br>69 |
| | | | | 1835007.47 |

३६

**नर्म्स भन्दा बढी भुक्तानी** १८८,२८९

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा सार्वजनिक निकायले कुनै निर्माण कार्यको लागत अनुमान स्वीकृत नर्मस तथा जिल्ला दररेट अनुसार कायम दरको आधारमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत निम्नानुसारको कार्यको लागत अनुमान तयार गर्दा खानेपानी पाइपलाइन पुर्ने (ब्याक फिलिङ) कार्यको नर्मस ०.२५ अदक्ष श्रमिक दिन राख्नु पर्नेमा ०.५ अदक्ष श्रमिक दिन राखेको देखिएकोले प्रति घन मिटर रू १८०.२५ बढी दर कायम भएको देखियो । बढी दरमा भएको भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रू.

| भौ न मिति | योजना तथा उपभोक्ता समितिको नाम | वास्तविक भन्दा बढी देखिएको परिमाण | बढि भुक्तानी दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| 334/3/21 | कालिका भैरव आ वि खानेपानी नि उ स | 351 m3 | 180.25 | 63267.75 |
| 299/3/11 | वाइल खानेपानी मर्मत उ स | 255 m3 | 180.25 | 45963.75 |
| 129/12/24 | नाउली खोला सिचाई नि उ स | 78.6 m3 | 180.25 | 14167.65 |
| 385/3/24 | तुसारे खानेपानी कोइरालाकोट डाँडा उ स | 360 m3 | 180.25 | 64890.00 |
| | जम्मा | | | 188289.15 |

३७

**हेभि इक्विपमेन्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई पालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

३८

**बार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने । नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८६५३४०२६।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३९

**खरिदमा प्रतिस्पर्धा**

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिदलाई खुला र प्रतिस्पर्धी बनाउन विभिन्न खरिद विधिहरुको प्रावधान छ । पालिकाले यो वर्ष पुजिगत प्रकृतिका खरिदमा रु. १८ करोड ६५ लाख ३४ हजार खर्च गरेकोमा विभिन्न ६ सिलवन्दी दरभाउपत्र मार्फत रु५३ लाख ८० हजार र ५ वोलपत्र मार्फत ११ करोड ७८ लाख २८ हजार समेत कूल १२ करोड ३२ लाख ८ हजारको खरिदमा मात्र प्रतिपर्धा कायम भएको छ । बाकी ३३.९५ प्रतिशत खरिद उपभोक्ता समिति वा सोझै विधिबाट भएको देखियो । खरिदलाई प्रतिस्पर्धात्मक र खुला बनाई सार्वजनिक स्रोतको महत्तम उपयोग हुनु पर्दछ ।

४०

**खरिदमा न्यून प्रतिस्पर्धा**

सार्वजनिक खरिद ऐन २०६३ को प्रस्तवनामा खरिदलाई खुला र प्रतिस्पर्धी बनाउने उद्वेश्य लिएको छ ।त्यसै गरी ऐनको दफा २४ मा आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कुनै कारवाही नहुने व्यवस्था छ । यो वर्ष पालिकाबाट भएका अधिकांस खरिदका ठेक्का प्रक्रियाको परीक्षण गर्दा म्यानुअल हार्ड कपी मार्फत बोलपत्र आह्वान भएको देखिएकोमा न्यून प्रतिस्पर्धा भई ठेक्का बन्दोबस्त हुने गरेको देखियो । टेण्डर फारम विक्री संख्या दाखिला संख्या तथा वोलपत्र मूल्याङ्कनको स्थिति विष्लेशण गर्दा बोलपत्र दाताहरु आपसमा मिलोमतो हुन सक्ने अवस्था देखिन्छ ।स खरिद प्रक्रियामा वोलपत्रदाताहरु बीच मिलोमतो भएको अवस्थामा खरिदमा प्रतिस्पर्धा सीमित हुन गई सार्वजनिक निकाय खुला प्रतिस्पर्धाको लाभबाट बन्चित हुने अवस्थालाई मध्य नजर गरी मिलोमतोको सम्भावना देखिएको ठेक्का प्रक्रिया समयमै रद्द गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन पालिकाको ध्यान जानु पर्दछ ।विद्युतीय खरिद व्यवस्थापनलाई प्रयोगमा ल्याउनु पर्दछ ।

| खरिदको विवरण | टेण्डर विक्री संख्या | टेण्डर दाखिला संख्या | मुल्याङ्कनमा समावेश वोलपत्र संख्या | छनौट भएको व्यवसायीको नाम | सम्झौता रकम मु अ कर बाहेक | घटिएको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| वडा न १ कार्यालय भवन | | | | चन्द्रोदय सेलागाड जे भि | 5238503.00 | 0.001 | |
| वडा न ४ कार्यलय भवन | | | | नविन निर्माण सेवा | 5473798.00 | 0.001 | |

४१

**कार्य सम्पादन जमानतको नपुग म्याद तथा रकम**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ मा बोलपत्रदाताले खरिद सम्झौता गर्दा लागत अनुमानको १५ प्रतिशत सम्म न्यून कवोल अङ्कको हकमा कबोल अङ्कको ५ प्रतिशत र सो भन्दा बढी घटेकोमा जति बढी घटेको छ सोको ५० प्रतिशत थप रकम सहितको कार्य सम्पादन जमानत पेश गर्नु पर्ने र सो जमानतको म्याद खरिद सम्झौताको अन्तिम म्याद भन्दा १३ महिना बढी हुनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार ठेक्का सम्झौता गर्दा निर्माण व्यवसायीले पेश गरेको कार्यसम्पादन जमानतको म्याद तथा अङ्क दुबै कम अवधिको भएकोले देखियो ।सम्झौताको म्याद भित्र निर्माण कार्य सकिएको तर त्रुटी सच्याउने अवधि नसकिएको अवस्था छ । ऐनमा तोकिए बमोजिम रीत पूर्वकको कार्यसम्पादन जमानत पेश भए पश्चात मात्र सम्झौता गर्नु पर्दछ ।

| योजनाको नाम | ठेकेदारको नाम | लागत अनुमान | सम्झौता अङ्क | हुनु पर्ने का.स. जमानतको अङ्क | पेश भएको का.स. जमानतको अङ्क | नपुग का.स. जमानत |
|---|---|---|---|---|---|---|
| दुर्गा भवानी मा वि भवन निर्माण | गोल्डेन कन्स्ट्रक्सन | 4987309.0 | 2613424.0 | 943565.00 | 874000.00 | 59565.00 |
| जम्मा | | | | | | |

४२

**बढी परिमाणको भुक्तानी** १३४,६२४

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत निम्नानुसारको कार्यको नापजाँच गर्दा वास्तविक परिमाण भन्दा बढी परिमाणको कार्य उल्लेख हुन गइ भुक्तानी भएको देखिएकोले बढी भएको भुक्तानी रकम सम्बन्धित

उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रु

| भौ न मिति | योजना तथा उपभोक्ता समितिको नाम | वास्तविक भन्दा बढी देखिएको परिमाण | दर | बढी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| २५५।२।२३ | कतिउरा देघर नि उ स | Stone Masonry 1.67 cum | 6076.40 | 10148.00 | चुलीको वालको गणना गलत हुन गएको । |
| २६७।२।२५ | मिलनधारा बाटो पि सि सि बाटो नि उ स | **PCC 1:3:6 4.78 m3** | 16136.57 | 77075.00 | सबै सिडिको चौडाई ०.८९ मि उल्लेख भएकोमा फोटोमा देखिएका सिडीका चौडाई बढीमा ०.३ मि सम्म हुन सक्ने । |
| ३१७।३।१७ | अनन्त रतन स्मृति पुस्तकालय भवन निर्माण | **PCC 1:3:6 0.57 m3** | 21561.00 | 12300.00 | **Wall** को लम्बाई ७.२७५ मि तथा ४.५२६ भएकोमा **Plinth Beam** को लम्बाई ८.३ तथा ५.३ मि भएको । |
| ३३४।३।२१ | कालभैरव आधारभूत विद्यालय खानेपानी नि उ स | **EW and filling of Pipeline 13.5 cum** | 700.00 | 9450.00 | पाइपलाईन खन्ने पुर्ने कार्य १५६० मि भएकोमा पाईप १५०० मि मात्र खरिद भएको । |
| ३४१।३।२२ | भगवति मन्दिर निर्माण उ स | **PCC 1:2:4 0.996 cum** | 25743.00 | 25651 | फोटोमा मन्दिरको पिलर ८ मात्र भएकोमा १२ जगको पिसिसिको भुक्तानी भएको । |
| | जम्मा | | | 134624.00 | |

४३ **बढी भुक्तानी** ८२,२४८

सार्वजनिक खरिद नियमावली २०६४ को १११ मा सम्पादित कार्य परिमाणको खरिद सम्झौता अनुसारको दरमा रकम भुक्तानी गर्नु पर्ने व्यवस्था छ । दुर्गा मा वि भवन निर्माण कार्यको लागि गोल्डेन कन्स्ट्रक्सनलाई भुक्तानी गर्दा निम्नानुसार सम्झौतामा भएको भन्दा बढी भुक्तानी भएको रकम असुल हुनु पर्ने रु

| सम्झौता अनुसारको रकम | भुक्तानी भएको रकम | बढी भएको भुक्तानी |
|---|---|---|
| २६१३४२४।०० | २६९५६७२।०० | ८२२४८।०० |

४४ **डिपिआर खर्च**

सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| | | | | |
|---|---|---|---|---|
| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
| दंगाजी स्वास्थ्य चौकी, दुर्गाभवानी नि.मा.वि. भवन, त्रिभुवन मा.वि. भवन | घर इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ४४७४८० | ४४७४८० | १४९९८६४७.० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

४५

**सवारी साधन खरिद**

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ४ थान दुई पाङ्ग्रे सवारि साधन खरिदमा रु.११९९६००।- खर्च गरेको छन् ।

४६

**निर्माण कार्यको गुणस्तर**

सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब परीक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ ।

४७

**मालसामान तथा उपकरण खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन ।

| भौ.न. र मिति | मालसामानको विवरण | आपुर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| २८।१०।२७ | ल्यापटप, प्रिन्टर तथा डेस्कटप | सिटि टप मोवाइल एण्ड कम्प्यूटर सेन्टर | 394350.00 |
| ४२।१०।२२ | ल्यापटप प्रिन्टर आदी | ईन्टेल कम्प्यूटर सेन्टर | 170000.00 |
| ३७८।९।२४ | प्रोजेक्टर | गडतौला ट्रेडर्स | 182400.00 |

| | | | | |
|---|---|---|---|---|
| ४८ | | | **विमा नगरेको**<br>सार्वजनिक खरिद नियमावली २०६४ को ११२ मा सार्वजनिक निकायले रु दश लाख भन्दा बढीको निर्माण कार्य गराउदा निर्माण व्यवसायीले निर्माण कार्य र सो सँग सम्बन्धित अन्य जनशक्ति तथा प्लाण्टहरु समेतको बीमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार रु १० लाख भन्दा माथिका निर्माण कार्य गर्न निर्माण व्यवसायी सँग सम्झौता गरेकोमा नियमावलीमा तोकेबमोजिम बीमा गरेको अवस्था छैन । भवन निर्माण, सिचाई नहर निर्माण तथा खानेपानी जस्ता प्राविधिक रुपमा संवेदनशील संरचनामा निर्माणमा सम्भावित दुर्घटना बच्न बीमा अपरिहार्य रहेकोले सीमा भन्दा माथीका सबै निर्माण कार्यको बीमा गर्नु पर्दछ । | |

| क्र स | निर्माण व्यवसायीको नाम | निर्माण कार्यको विवरण | लागत अनुमान मुअकर बाहेक | सम्झौता रकम मुअकर बाहेक |
|---|---|---|---|---|
| १ | गोल्डेन कन्स्ट्रक्सन | दुर्गा मा वि भवन निर्माण | 4987309.00 | 2613424.00 |
| २ | जागृति मुनाल जे भि | गाँउ पालिका कार्यालय भवन | 27053994.00 | 16860470.00 |
| ३ | चन्द्रोदय सेलागाड जे भि | वडा न १ कार्यालय भवन | 5256819.00 | 5238503.00 |
| ४ | नविन निर्माण सेवा | वडा न ४ कार्यलय भवन | 5473831.00 | 5473798.00 |

| | | | | |
|---|---|---|---|---|
| ४९ | | | **स्रोतगत खर्चको हिसाव नमिलेको**<br>**ग्रामिण जलस्रोत तर्फः**<br>:<br>ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत संचालित कार्यक्रमहरु सम्बन्धित उपभोक्ता समिति, नेपाल सरकार, पालिका र फिनल्याण्ड सरकार बीच लागत साझेदारी संचालन हुदै आएको छ । परियोजना र पालिका बिच भएको सम्झौतामा संरचना विषेश फिनल्याण्ड सरकार, पालिका र नेपाल सरकारले व्यहोरिने लागतको अंश फरक फरक तय गरिएको छ । सबै प्रकारका योजनामा उपभोक्ता समितिले लागतको ३० प्रतिशत अंश व्यहोरिने उल्लेख छ । पालिकाले पेश गरेको विवरण अनुसार निम्नानुसार योजनाहरु यस परियोजना अन्तर्गत संचालनमा रहेकोमा सम्झौतामा तोकिए बमोजिम पालिकाले रू. १४९७३६३२।०० खर्च व्यहोर्नु पर्नेमा पालिकाबाट रू १२६२७८९९।०० मात्र खर्च भएको देखिएकोले रू २३२५७३३।०० पालिकाले कम तथा नेपाल सरकार तथा फिन्ल्याण्ड सरकारबाट बढी खर्च लेखिएको देखियो । अत तोकिए बमोजिम स्रोतगत खर्चको हिसाब मिलान गर्नुपर्ने अन्यथा नेपाल सरकार तथा फिनल्याण्ड सरकारको स्रोतबाट बढी खर्च लेखिएको देखीयो । स्रोतगत हिसाव मिलान गर्नु पर्दछ । | |

| क्र स | जयोजनाको नाम | यो बर्ष उ स को लागत वाहेकको खर्च (कूल लागतको ७० प्रतिशत) | पालिकाको अंश लागतको प्रतिशत | पालिकाले व्यहोर्नु पर्ने रकम रू | यो वर्ष पालिकाबाट भएको खर्च | पालिका व्यहोर्नु पर्ने नपुग रकम |
|---|---|---|---|---|---|---|
| १ | बस्ती खानेपानी तथा सरसफाई योजना | 1901735 | 20.00 | 543352.8571 | 449000 | -94352.85 |
| २ | दंगाजी काप्रा खानेपानी तथा सरसफाई योजना | 533821 | 20.00 | 152520.2857 | 302000 | 149479.71 |
| ३ | बेराडी काँडा खानेपानी तथा सरसफाई योजना | 1546818 | 20.00 | 441948 | 300000 | -141948 |
| ४ | ग्वाना खानेपानी तथा सरसफाई योजना | 2996428 | 20.00 | 856122.2857 | 600000 | -256122.28 |
| ५ | मटेलधारा खानेपानी तथा सरसफाई योजना | 747075 | 20.00 | 213450 | 360045 | 146595 |
| ६ | ऐनवाडा टोटीबाडा खानेपानी तथा सरसफाई योजना | 2944300 | 20.00 | 841228.5714 | 1004300 | 163071.42 |
| ७ | बडढुंगा खानेपानी तथा सरसफाई योजना | 3334701 | 24.28 | 1156664.861 | 857959 | -298705.86 |
| ८ | लम्भा झपाली पोको निजीधारा खानेपानी तथा सरसफाई योजना | 1500000 | 20.00 | 428571.4286 | 500000 | 71428.571 |
| ९ | मल्लो पटेला पोको निजी धारा | 1763000 | 20.00 | 503714.2857 | 963000 | 459285.71 |
| १० | सुकुलढुंगे पोको निजीधारा खानेपानी तथा सरसफाई योजना | 2212000 | 20.00 | 632000 | 0 | -632000 |
| ११ | भम्का तातोपानी खानेपानी मर्मत योजना | 690000 | 40.00 | 394285.7143 | 373200 | -21085.71 |
| १२ | सक्काडाबाडा बहुउपयोगी योजना | 3051315 | 40.00 | 1743608.571 | 2400000 | 656391.42 |
| १३ | बिगाडा बहुउपयोगी योजना | 5895109 | 26.25 | 2210665.875 | 1000000 | -1210665.85 |
| १४ | दंगाजी बहुउपयोगी योजना | 1021248 | 35.00 | 510624 | 337000 | -173624 |
| १५ | बयल माइक्रो सिचाई पोखरी निर्माण योजना | 547257 | 30.00 | 234538.7143 | 229848 | -4690.71 |
| १६ | गोत्राडी माइक्रो सिचाई पोखरी | 654685 | 35.00 | 327342.5 | 225000 | -102342.5 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | चक्रेश्वर मा वि खानेपानी तथा शौचालय निर्माण तथा सुधार | 737578 | 30.00 | 316104.8571 | 282253 | -33851.85 |
| १८ | भगवति आ वि खानेपानी तथा शौचालय सुधार | 278926 | 30.00 | 119539.7143 | 181839 | 62299.28 |
| १९ | करवीर निमावि शौचालय निर्माण | 1254071 | 30.00 | 537459 | 374321 | -163138 |
| २० | कफलकाँडा सुधारिएको पानी घट्ट | 270218 | 20.00 | 77205.14286 | 47700 | -29505.14 |
| २१ | कोइरालाकोट सुधारिएको पानी घट्ट | 286264 | 30.20 | 123502.4686 | 50500 | -73002.46 |
| २२ | मातृभूमि सुधारिएको चुलो | 1397736 | 30.20 | 603023.2457 | 405808 | -197215.24 |
| २३ | खापरदह पुनर्भरण पोखरी निर्माण योजना | 2880803 | 35.00 | 1440401.5 | 919126 | -521275.5 |
| २४ | थलारा कृषि उपज संकलन केन्द्र | 1029900 | 29.71 | 437118.9857 | 417000 | -20118.98 |
| २५ | मेसनरी चाङ् जुठ्यान | 409308 | 22.00 | 128639.6571 | 68000 | -60639.65 |
| | **जम्मा** | **39884296** | | **14973632.52** | **12647899** | **-2325733.2** |

| | | | | |
|---|---|---|---|---|
| ५० | | | **पाइप खरिद र जडान**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी प्राविधिक नापजाँचको आधारमा तयार भएको मूल्याङ्कनको आधारमा गर्नु पर्ने व्यवस्था छ । यस पालिका भित्र संचालित यस परियोजना अन्तर्गतका परियोजनहरुमा खरिद भएका पाइपको लम्वाई र जडान भएको पाइपको लम्बाई विच फरक देखिन्छ । खरिद भएको सबै पाइपहरु जडान भएको प्राविधिक नापजाँचबाट पुष्टि हुदैन । खरिद भएका पाइपको लम्बाई भन्दा जडान भएका पाइपको लम्बाई कम देखिएको सन्दर्भमा निम्नानुसार योजनाहरुको खरिद भएको तर जडान हुन बाकी पाइपहरु जडान भएको प्रमाण पेश गर्नु पर्ने रू | ५००,८५५ |

| योजनको नाम | हालसम्म खरिद भएको पाइपको लम्बाई मिटर | हाल सम्मको जडान पाइपको लम्बाई मिटर | खरिद भएको तर जडा नभएको पाइपको लम्बाई मिटर | जडान नभएको पाइपको लागत औसत रू |
|---|---|---|---|---|
| बेराडीकाँडा खानेपानी तथा सरसफाई योजन | 8793 | 5846 | 2947 | 190577.00 |
| खापरदह पुनर्भरण खानेपानी पोखरी निर्माण योजना | 4400 | 3300 | 1100 | 154450.00 |
| बस्ती निजी धारा खानेपानी योजना | 7294 | 6621 | 673 | 58778.00 |
| ग्वानी खानेपानी योजना | 11089 | 9036 | 1153 | 97050 |
| जम्मा | | | | 757481.00 |

| | | | | |
|---|---|---|---|---|
| ५१ | | | **बढी व्ययभार पारी खर्च**<br>६११-२०७८।३।२२, सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ (४) अनुसार सार्वजनिक निकायले एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तिमा तीनवटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गतका कार्यक्रमको पद्मा खत्रीको पेश्की फछ्र्यौट गर्दा सोही कार्यक्रममा खरिद गरिने विभिन्न कृषिजन्य सामाग्री खरिदको लागि आर्थिक वर्षको सुरुमा नै दररेट माग गरि न्यून दर भएको मष्टा एग्रोभेट सेन्टर छनौट भएको भनि सोही दररेटमा सामाग्री खरिद गरेको विल पेश भएको छ । खरिद भएका सामाग्रीको दररेट विश्लेषण गर्दा विराज एग्रोभेट सेन्टरबाट रु.२१६१७५।– मा उपलब्ध हुने सामाग्री एकमुष्ट दररेटको आधारमा मष्टा एग्रोभेट सेन्टरबाट खरिद गर्दा रु.३८५४५०।– खर्च भएको छ । जसबाट पालिकालाई एउटै कार्यक्रममा रु.१६९२७५।– बढी व्ययभार परेको रकम अनियमित देखिएको रू. | १६९,२७५ |
| ५२ | | | **शिक्षक दरवन्दी र पदपूर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| 1 | प्रगतिशिल प्रा.वि सिराटा | 3 | 3 | 2 | 70 |
| 2 | मष्टा प्रा.वि आमबगर | 3 | 3 | 3 | 45 |
| 3 | कालिका प्रा.वि अफ्ला | 3 | 3 | 1 | 57 |
| 4 | चक्रेश्वर मा.वि मालुमेला | 9 | 9 | 4 | 220 |
| 5 | श्री त्याडी प्रा.वि चित्रु | 0 | 0 | 0 | 30 |
| 6 | भवानी नि.मा.वि चित्रुफकालि | 4 | 4 | 3 | 88 |
| 7 | पूर्णचन्द्रोदय मा.वि कुलाकाट्ने | 11 | 11 | 7 | 152 |
| 8 | महालिङ्ग प्रा.वि रावली | 1 | 1 | 0 | 34 |
| 9 | कालिका प्रा.वि खानी | 2 | 2 | 2 | 57 |
| 10 | खप्तड प्रा.वि अदुकाली | 3 | 3 | 2 | 87 |
| 11 | खापर प्रा.वि. घोडादाउन | 3 | 3 | 1 | 80 |
| 12 | दुलै प्रा.वि रिठागाँउ | 1 | 1 | 0 | 84 |
| 13 | भवानी मा.वि माडौंकाट्ने | 16 | 16 | 12 | 377 |
| 14 | भगवती नि.मा.वि गोठीगाँउ | 4 | 4 | 3 | 204 |
| 15 | डाडावाघ प्रा.वि पंडितगाउँ | 0 | 0 | 0 | 61 |
| 16 | मष्टा प्रा.वि गण्डाउली | 2 | 2 | 0 | 76 |
| 17 | कालिका प्रा.वि बिष्खेत | 3 | 3 | 1 | 68 |
| 18 | शैलेश्वरी नि.मा.वि देवश्थली | 4 | 4 | 1 | 139 |
| 19 | दुग्धेश्वर नि.मा.वि गुगै | 5 | 5 | 2 | 133 |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 20 | त्रिभुवन प्रा.वि पिखेत | 5 | 5 | 3 | 72 | | | |
| | | | | 21 | थलारा मा.वि खोली | 18 | 18 | 6 | 387 | | | |
| | | | | 22 | देवदुर्गा प्रा.वि दुवाली | 1 | 1 | 1 | 110 | | | |
| | | | | 23 | दुर्गाभवानी नि.मा.वि सर्तोल | ६ | ६ | 1 | 216 | | | |
| | | | | 24 | भगवति प्रा.वि देवलबाज | 3 | 3 | 1 | 175 | | | |
| | | | | 25 | नवादेव प्रा.वि जाम्बाज | 1 | 1 | 1 | 82 | | | |
| | | | | 26 | शान्ती मा.वि पाराकाट्ने | 16 | 16 | 7 | 267 | | | |
| | | | | 27 | कालिका नि.मा.वि दिपिल | 4 | 4 | 3 | 126 | | | |
| | | | | 28 | नवरत्न प्रा.वि कुच | 4 | 4 | 2 | 68 | | | |
| | | | | 29 | ऐश्वर्य प्रा.वि मोयल | 3 | 3 | 0 | 68 | | | |
| | | | | 30 | सरस्वती प्रा.वि डिक्ला | 2 | 2 | 0 | 133 | | | |
| | | | | 31 | त्रिभुवन मा.वि महेन्द्रधार | 13 | 13 | 10 | 332 | | | |
| | | | | 32 | भुवनेश्वरी प्रा.वि ठिङ | 3 | 3 | 0 | 98 | | | |
| | | | | 33 | धौल्देउ प्रा.वि गडिगाँउ | 3 | 3 | 2 | 119 | | | |
| | | | | 34 | करविर नि.मा.वि कफलकाडा | 5 | 5 | 2 | 198 | | | |
| | | | | 35 | शारदा मा.वि दंगाजी | 16 | 16 | 12 | 487 | | | |
| | | | | 36 | खापर नि.मा.वि बगाडा | 5 | 5 | 3 | 324 | | | |
| | | | | 37 | जनप्रिय प्रा.वि खानिडाडा | 1 | 1 | 0 | 86 | | | |
| | | | | 38 | जनता प्र.वि. तेडिमाड्ड | 2 | 2 | 1 | 145 | | | |
| | | | | 39 | लक्ष्मी नि.मा.वि मोतिपुर | 5 | 5 | 3 | 305 | | | |
| | | | | | | | | | | | | |

| | | |
|---|---|---|---|---|---|
| 40 | कालिका भैरव प्रा.वि रेगम | 3 | 3 | 3 | 109 |
| 41 | कालिका प्रा.वि पिपलकोट | 2 | 2 | 1 | 59 |
| | **जम्मा** | **198** | **198** | **106** | **6028** |

| | | | | |
|---|---|---|---|---|
| ५३ | | | **बढी ग्रेड भुक्तानी**<br>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । गाउँपालिकाले देहायका शिक्षकको तलब भत्ता भुक्तानी गर्दा शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवदेनका आधारमा तलब भत्ता भुक्तानी गर्नुपर्नेमा देहायबमोजिम शिक्षकको ग्रेड बापतको रकम रु. ९६७१९.० बढि भुक्तानी गरेकोले बढी ग्रेड रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | ९६,७१९ |

| विद्यालय | शिक्षकको नाम थर | मासिक वढि ग्रेड | भुक्तानी महिना | ग्रेड दर | रकम (१०% संचय कोष सहित) |
|---|---|---|---|---|---|
| प्रगतिशिल सा.प्रा.वि. | प्रेम वहादुर रावल | १ | ५ | ८८७ | ४८७९ |
| दलै प्रा.वि. | कृष्ण प्रसाद उपाध्याय | १ | ५ | ९४० | ५१७० |
| मष्टा प्रा.वि. | मिन वहादुर सिंह | १ | ५ | ८८७ | ४८७९ |
| दुग्धेश्वर नि.मा.वि. | भिष्मराज पाण्डे | १ | ५ | ९४० | ५१७० |
| थलरा मा.वि. | प्रम बल्लभ बडू | १ | ५ | १२०० | ६६०० |
| थलरा मा.वि. | मदन वहादुर रोकाया | १ | १३ | ९४० | १३४४२ |
| दुर्था भवानी नि.मा.वि. | जगत बहादुर सिंह | १ | ५ | ९४० | ५१७० |
| ऐश्वर्य प्रा.वि. | देव वहादुर शाही | १ | ५ | ९४० | ५१७० |
| ऐश्वर्य प्रा.वि. | नर बहादुर विष्ट | १ | ५ | ९४० | ५१७० |
| ऐश्वर्य प्रा.वि. | जय बहादुर विष्ट | १ | ५ | ९४० | ५१७० |
| सरस्वती प्रा.वि. | मदनराज शर्मा | १ | ५ | ९४० | ५१७० |
| त्रिभुवन मा.वि. | धन बहादुर विष्ट | १ | ५ | ९४० | ५१७० |
| भुवनेश्वरी प्रा.वि. | कलक बहादुर विष्ट | १ | ५ | ९४० | ५१७० |
| धौल्देउ प्रा.वि. | प्रम बहादुर बोहरा | १ | ५ | ९४० | ५१७० |
| करविर नि.मा.वि. | राम विनोद पण्डित | १ | ५ | ८८७ | ४८७९ |
| शारदा मा.वि. | सुरेश बहादुर भण्डारी | १ | ५ | ९४० | ५१७० |
| लक्ष्मी नि.मा.वि. | महाराज जोशी | १ | ५ | ९४० | ५१७० |
| जम्मा | | | | | ९६७१९ |

| | | | | |
|---|---|---|---|---|
| ५४ | | | **छात्रवृति वितरण** | ७८,७०० |

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६।७७ को सि.नं. ४.२ मा कक्षा १-८ सम्म अध्यायनरत विद्यार्थीलाई मात्र छात्रा छात्रवृत्ती र दलित छात्राबृत्ती वितरण गर्ने व्यवस्था छ । गाउँपालिकाले देहायबमोजिमको विद्यालयहरुमा कक्षा ९-१० का दलित विद्यार्थीलाई पनि छात्रावृत्ती रकम निकासा गरेकोले निर्देशिका विपरित भएको निकासा रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | चक्रेश्वर मा.वि. मालुमेला | २०००.० |
| २ | पूर्णचन्द्रोदय मा.वि. कुलाकाट्ने | ८५००.० |
| ३ | भवानी मा.वि. माडौँकाट्ने | २०५००.० |
| ४ | थलारा मा.वि. खोली | २२०००.० |
| ५ | शान्ती मा.वि. पाराकाट्ने | ३५००.० |
| ६ | त्रिभुवन मा.वि. महेन्द्रधार | ६०००.० |
| ७ | शारदा मा.वि. दंगाजी | ५०००.० |
| ८ | लक्ष्मी नि.मा.वि. मोतिपुर | ११२००.० |
| जम्मा | | ७८७००.० |

| | | | | |
|---|---|---|---|---|
| ५५ | | | **संघिय शसर्त तर्फबाट तलव भुक्तानी**<br>१७-२०७७।८।२४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) अनुसार शसर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्वन्धीत प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । सोही अनुसार संघीय सशर्त अनुदानको बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरीएको स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार खर्च गर्नेमा गाउँपालिकाले मार्गदर्शन विपरित कोभिड १९ जोखिम भत्ता वापत २८ जना स्वास्थ्य कर्मचारीहरुलाई २५ देखि ५० प्रतिशतका दरले ३ महिनाको जोखिम भत्ता स्वरुप रु. ४०६२६०।– भुक्तानी रकम अनियमित देखिएको रु. | ४०६,२६० |
| ५६ | | | **खाना खर्च बढी भुक्तानी**<br>अर्थ मन्त्रालयबाट जारी गरिएको कार्यसञ्चालन निर्देशिका, २०७५ अनुसार गाउँपालिका स्तरमा सञ्चालन गरी तालिम, गोष्ठी लगाएतका कार्यक्रममा खाजा खाना वापत दैनिक रु.२००।– दरले मात्र खर्च पाउने उल्लेख छ । गाउँपालिकाले देहायबमोजिमको भुक्तानीमा खानाको विल पेश गरेकोमा खाजा भत्ता वापत थप रकम रु.६५७००।- भुक्तानी गरेकोले निर्देशिका विपरित भएको भुक्तानी रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | ८८,२०० |

| भौ.नं. र मिति | कार्यक्रम | खानाको विल अनुसारको खर्च | खाना भत्ता भर्पाइ |
|---|---|---|---|
| ९८-२०७७।१२।४ | लैङ्गिक हिंसा मानव वेचविखन ओसारप्रसार विरुद्धको कार्यक्रम | २०६४०.० | ४०७००.० |
| १६७-२०७८।३।२४ | घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर | १००००.० | २५०००.० |
| | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण कार्यक्रम शेर व. विष्ट पेश्की फछ्यौंट | ९०००.० | २२५००.० |
| जम्मा | | ३९६४०.० | ८८२००.० |

५७

**औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले कोटेशन माग गरी त्यसैको आधारमा औषधि आपूर्तकसंग सम्झौता नै नगरी देहायबमोजिम रु.१०५७६४०।- बराबरको औषधि तथा औषधिजन्य सामाग्री सोझै खरीद गरेको छ ।

| भौ.नं. र मिति | आपूर्तिकर्ता | रकम | कैफियत |
|---|---|---|---|
| १६५-२०७८।२।२४ | सुयोग्या फार्मेसी | १०५७६४०.० | |
| जम्मा | | १०५७६४०.० | |

औषधि खरिद सम्बन्धमा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको औषधीको मुल्य अनुसारको औषधि खरीद कार्य नगरेको, आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गर्न सकिदैन । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारेर जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

५८

**सामाग्रिको सुनिश्चितता वेगर योजना सम्पन्न** ९९४,३५२

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले देहायबमोजिमको पाइपलाइनको काममा पाइप तथा पिसिसि कार्यमा सिमेन्टको काम गरेकोमा पाइप तथा सिमेण्ट खरिद गरेको प्रमाण पेश छैन । अतः सामाग्रि प्राप्तिको सुनिश्चितता हुने विल भर्पाइ पेश गर्नुपर्ने रु.

| भौचर नं. र मिति | योजना | काम | भुक्तानी रकम | कार्यक्रम |
|---|---|---|---|---|
| २७०-२०७८।३।२४ | सुधारिएको चुलो वायो प्रविधि जडान | ८४.८७ घन मि. काममा ३५० मि. पाइप लाइन खन्ने पुर्ने कार्य | ६६०००.० | बैकल्पिक उर्जा |
| ७५-२०७८।१।३० | मानिस्वाडा विस्खेत खानेपानी निर्माण | १३८.९ घन मि. काममा ३८५ मि. पाइप लाइन खन्ने पुर्ने कार्य | १४९७६०.० | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| १०९-२०७८।२।२३ | बडढुङ्गा पानीखोला खानेपानी मुख्य पाइपलाइन खोदान | ४१२.२ घन मि. काममा ११४५ मि. पाइप लाइन खन्ने पुर्ने कार्य | ४४५३९४.० | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| ९१-२०७८।२।११ | भङ्क खानेपानी निर्माण | ६४.८ घन मि. काममा १८० मि. पाइप लाइन खन्ने पुर्ने कार्य | ९९६४२.० | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| २१९-२०७८।३।२५ | खोली बजार देखि ठूलीगाड बाटो पिसिसि | १.३.६ पिसिसि कार्य २०.६१ घन मि. गरेको मा सिमेन्ट उपलब्ध भएको स्रोत उल्लेख नभएको | १३५७३१.० | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| १३१-२०७८।३।२१ | खानेपानी मर्मत पिखेत चौर | ९१ घन मि. काममा ४५५ मि. पाइप लाइन खन्ने पुर्ने कार्य | ९८३२५.० | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| जम्मा | | | 994852.0 | |

| | | | | |
|---|---|---|---|---|
| ५९ | | | **बढी भुक्तानी**<br>१०९-२०७८।२।२३, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बडढूङ्गा पानीखोला खानेपानी मुख्य पाइपलाईन खोदान कार्य (४१२.२ घन मि.) को संलग्न दर विश्लेषण अनुसार प्रति घन मि. रु.४१३.६ हुने उल्लेख भएकोमा रु.८२२।– दरले भुक्तानी भएकोले बढी भुक्तानी रकम रु.१७०४८५।– सम्बन्धित रोजगार समितिबाट असुल गरी दाखिला गर्नपर्ने रू. | १७०,४८५ |
| ६० | | | **भर्पाई पेश गर्नुपर्ने**<br>२६६-२०७७।३।२५, आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा कुनै पनि सरकारी कारोबारको विल भर्पाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले पोषण संवेदनसिल कार्यक्रम अन्तर्गत ३५० थान हजारी रु.३५०।– दरमा र तरकारी विउ ३५० प्याकेट रु.१५०।– मा खरिद गरेकोमा जम्मा २१३ थान मात्र वितरण गरेको पाइएकोले बाँकी १३७ थानको रु.६८५००।– वितरण भर्पाइ पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु | ६८,५०० |
| ६१ | | | **अनावश्यक खर्च भुक्तानी**<br>१७५-२०७८।३।२३, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत शैलेश्वरी आ.वि.मा दोस्रो तल्लामा २ कोठे भवन निर्माण कार्यको गरेकोमा site clearance बापत मात्र एकमुष्ट रु. ४००००।– भुक्तानी भएको छ । पहिलो तल्ला निर्माण सम्पन्न भएको भवनको दोस्रो तल्लामा कोठा थप गर्दा Site clearance वापत रकम भुक्तानी गर्नु औचित्यपूर्ण नदेखिएकोले Site Clearance वापतको रकम सम्बन्धित विद्यालयबाट असुल गरी | ४०,००० |

दाखिला गर्नुपर्ने रु

६२

**कृषि पकेट क्षेत्र निर्माण कार्यक्रममा बढी भुक्तानी** ४५०,०००

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यक्रम अन्तर्गत सञ्चालित पकेट क्षेत्र निर्माणको लागि यस पालिकाको पकेट क्षेत्र संचालन समितिको मिति २०७७।११।१८ को निर्णय अनुसार प्रत्येक पकेट क्षेत्रलाई रु.२००००० ।– दिने निर्णय भएकोमा समितिको निर्णय विपरित देहायबमोजिमका पकेट क्षेत्रलाई रु.२५०००० ।- बढी भुक्तानी दिएकोले बढी भुक्तानी रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| भुक्तानी लिनेको नाम | पकेट कार्यक्रम | हुनुपर्ने भुक्तानी | भएको भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|
| मालिका भगवनी कृषक समूह | टनेल घर निर्माण | २०००००.० | २५००००.० | ५००००.० |
| दुर्गा भगवती वहुउद्देश्यिय सरकारी संस्था | आलु | २०००००.० | २५००००.० | ५००००.० |
| झझल्को कृषक समूह | फलफूल | २०००००.० | २५००००.० | ५००००.० |
| मालिका घरवारी कृषक समूह | फलफूल | २०००००.० | २५००००.० | ५००००.० |
| बाटवाला कृषक समूह | प्लाष्टिक घर निर्माण | २०००००.० | २५००००.० | ५००००.० |
| नवादेव कृषक समूह | आँप तथा लिचि | २०००००.० | २५००००.० | ५००००.० |
| महालिङ्ग बासकोटी कृषक समूह | फलफूल | २०००००.० | २५००००.० | ५००००.० |
| न्यू वजायल घरवारी व्यवस्थापन समूह | प्लाष्टिक घर निर्माण | २०००००.० | २५००००.० | ५००००.० |
| कालिका लामाडाँडा कुलाकाट्ने तरकारी उत्पादन कृषक समूह | प्लाष्टिक घर निर्माण | २०००००.० | २५००००.० | ५००००.० |
| जम्मा | | १८०००००.० | २२५००००.० | ४५००००.० |

६३

**परामर्श सेवा**

सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. ३१७८२३८.० खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

६४

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, फिल्ड, रिचार्ज पोखरी, मन्दिर मर्मत, मन्दिर निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४१०

<table>
<tr><td></td><td></td><td></td><td>जनालाई रोजगारी उपलब्ध गराई रु.१०९३२०००.० खर्च गरेको छ । लक्षित वर्गलाई औषतमा ६५ दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>पि सि एफ अनुदान<br>यस पालिकाले यस बर्ष पालिकाभित्रका विभिन्न सामुदायिक विद्यालयलाई प्रति विद्यार्थी लागत PCF अनुदान बापत ४२ विद्यालयलाइ रु ११८८००० र २९ विद्यालयलाई रु ८६०८००.० गरी जम्मा रु २४५००००.० भुक्तानि भएको देखिन्छ उक्त रकम विद्यालयले कुन कार्यमा कति खर्च गरेको हो सो कुरा भौचर परिक्षणका क्रममा स्पष्ट नभएकाले उक्त रकम विद्यालयले के कार्यमा खर्च गरेको हो सोको प्रभावबारी अनुगमन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>तालिम अनुगमन तथा प्रशिक्षण भत्ता<br>नेपाल सरकार अर्थमन्त्रालयले जारी गरेको कार्यक्रम संचालन निर्देशिका २०७५ को नियम ७.१.१५मा तालिम केन्द्र बाहेकको अन्य निकायबाट सञ्चालित सबै प्रकारका गोष्ठि/सेमिनार/तालिममा श्रोत व्यक्ति वा प्रशिक्षकको पारिश्रमिक बापत गाउँपालिका स्तरमा अधिकृत स्तरको तालिममा कार्यपत्र बापत रु १००० र प्रशिक्षण बापत रु ४०० गरि जम्मा रु १४००.० मात्र दिन मिल्ने उल्लेखछ ।यस कार्यालयले प्रशिक्षकलाई प्रशिक्षण बापत रु २५००.० उपलब्ध गराएको पाइयो ।त्यसै गरी उक्त नियममा सम्बन्धित कार्यालयले सञ्चालन गरेको कार्यक्रममा सोही कार्यलयको श्रोतव्यक्ति भएमा कक्षा लिएबापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापतको पाउने उल्लेख छ ।यस पालिकाले निम्न तालिम सञ्चालन गर्दा उक्त नियमावलीको व्यवस्थाको पालना गरेको नपाइएकाले निर्देशिकाको व्यवस्था पालना नगरि गरिएको खर्च सम्बन्धितबाट असुल गर्नुपर्ने रु
<table>
<tr><td>भौ.नं./मिति</td><td>कार्यक्रम</td><td>अनुगमन</td><td>प्रशिक्षक</td><td>जम्मा</td></tr>
<tr><td>१०४।२०७७/१०/१९</td><td>बालकक्षा सहजकर्ता तालिम</td><td>५१००</td><td>६०००.०</td><td>११९००.०</td></tr>
<tr><td>१०५।२०७७/१०/१९</td><td>आधारभूत तह पाठ्यक्रम तालिम</td><td>५१००</td><td>०</td><td>५१००</td></tr>
<tr><td>३७७।२०७७/१२/२६</td><td>कृषि तालिम</td><td>१०२००</td><td>०</td><td>१०२००</td></tr>
<tr><td>४१३।२०७८/१/१८</td><td>महिला विशेष कार्यक्रम</td><td>१०१७०</td><td>१६८३०</td><td>२७०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३०५७०</td><td>२२८३०</td><td>५३४००</td></tr>
</table></td><td>५३,४००</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>सोझै खरिद<br>१९९।२०७७/११/९ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले १ लाख रुपैयाभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने उल्लेख छ । यस कार्यालयले कला संस्कृति संरक्षण शिर्षकबाट संगीत सौगात सेन्टरलाई गीत रेकर्डिङ, छायाङ्कन र व्यवस्थापन बापत रु १९००००.० भुक्तानि दिदा नियमावलीको व्यवस्था पालना नगरी सोझै खरिद गरेको पाइयो । सार्वजनिक खरिद नियमावलीको व्यवस्था पालना गर्न तर्फ कार्यालयको ध्यान जान आवश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>वितरण भर्पाई<br>आर्थिक कार्यविधि तथा वीत्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७(१)मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलिसलाबद्ध रुपमा राख्नु पर्नेछ भनि उल्लेख छ । यसपालिकाले विभिन्न भौचरबाट खर्च लेख्दा खर्च प्रमाणित गर्ने कागजात नराखेकाले उक्त खर्च भएको रकम बाट खरिद भएका सामाग्रीहरु जुन प्रयोजनका लागि खरिद गरिएको हो सोही प्रयोजनमा खर्च</td><td>१९३,३६०</td></tr>
</table>

भए नभएको तहाँ कार्यालयबाट आवश्यक छानविन गरी प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।

| गो.भौ.नं/मिति | कार्यक्रम | खरिद परिमाण | वितरण परिमाण | रकम रु |
|---|---|---|---|---|
| १६१।२०७७/११/४ | ब्लाङ्केट वितरण | २८० | २६५ | २२५००.० |
| ५६४।२०७८/३/१४ | फलफुल विरुवा वितरण | १५०० | ० | १५००००.० |
| ५८७।२०७८/३/२० | केरा पकेट | १००० | ७०२ | २०८६०.० |
| जम्मा | | | | १९३३६०.० |

६९ **प्लाष्टिक पोखरी निर्माण** ८८,९५८

५०६।२०७८/३/७ यस पालिकाले वडा नं ३ मा प्लाष्टिक पोखरी निर्माणका लागि उपभोक्ता समिति गठन गरी रु ९००००.० लागत भएको योजनामा उक्त पोखरी निर्माण कार्य सम्पन्न भएको भनि उपभोक्ता समितिको निर्णय र अनुगमन समितिको अनुगमन प्रतिवेदनमा समेतमा उल्लेख भएकोमा स्रेस्ता साथ पेश भएको तस्विरमा उक्त कार्य भएको देखिएन । योजनाको लागि भएको खर्च रकम रु ८८९५८.० अनुगमन गर्ने पदाधिकारीलाई समेत जिम्मेवार बनाइ सम्बन्धित उपभोक्ता समिति सदस्यहरुबाट असुल गरिनुपर्ने रु.

७० **प्रमाण पेश हुन नसकेको परिमाण** १५०,६७४

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरि वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत निम्नानुसारको कार्य गर्दा नापी कितावमा उल्लेखित कार्य परिमाण लाई नर्मस अनुसार आवश्यक पर्ने सिमेन्ट तथा सरियाको परिमाण भन्दा खरिदको विल भरपाईको परिमाण घटी पेश भएको देखिएकोले आवश्यक प्रमाण पेश गर्नु पर्ने अन्यथा सम्बन्धित उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रु

| योजनाकोनाम | कामकोविवरण | आवश्यकपरिमाण | पेशभएकोविलअनुसारपरिमाण | दरभ्याट सहित | बढिभुक्तानीरकम |
|---|---|---|---|---|---|
| जनता मा.वि. फिल्ड निर्माण | stone filling in gabion box | 95 box | 58 box | ३९००.१७ | 144306.29 |
| मालिका भगवती मन्दिर फिल्ड निर्माण | फलामे ग्रील गेट | ९३.५३ के.जी | ८६.१५ के.जी | १४५.४२ | 1073.2 |
| | 2coated cement paint | | विल नभएको | | ५२९४.४६ |
| जम्मा | | | | | १५०६७३.९५ |

७१ **सामाजिक सुरक्षा तर्फ निकासा** २६०,८००

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत

अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेको देखिन्छ । जसबाट देखिएका व्यहोरा देहायबमोजिम छन्
वितरण भर्पाइमा लाभग्राहीले रकम बुझेकोमा लाभग्राही विवरणमा देहायबमोजिमकोम व्यक्तिहरुको नाम नभेटिएकोले के कति कारणले हाल उनिहरुको नाम नामेसी नभेटिएको हो सो को एकिन गर्नुपर्ने अन्यथा सम्बन्धित वडा सचिवबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| **वडा नं.** | **नाम** | **भत्ताको प्रकार** | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** |
|---|---|---|---|---|---|
| २ | गोमति देवी खादु | जेष्ठ नागरिक(७० वर्ष माथि) | १२००० | १२००० | १२००० |
| २ | धर्मदिवी विक | जेष्ठ नागरिक(७० वर्ष माथि) | १२००० | १२००० | १२००० |
| २ | हर्कमति देवी थापा | जेष्ठ नागरिक(७० वर्ष माथि) | १२००० | १२००० | १२००० |
| २ | उजली देवी सार्की | जेष्ठ नागरिक दलित | ८००० | ८००० | ८००० |
| २ | हरुदेवी भण्डारी | जेष्ठ नागरिक(७० वर्ष माथि) | ० | १२००० | ० |
| ५ | हर्क वोहरा | जेष्ठ नागरिक(७० वर्ष माथि) | ० | १२००० | ० |
| ५ | जया विष्ट | जेष्ठ नागरिक(७० वर्ष माथि) | १२००० | १२००० | १२००० |
| ५ | दलु दमाइ | जेष्ठ नागरिक(७० वर्ष माथि) | १२००० | १२००० | ० |
| ५ | हिरादेवी दमाई | जेष्ठ नागरिक(७० वर्ष माथि) | १२००० | १२००० | १२००० |
| जम्मा | | | ८०००० | १०४००० | ६८००० |
| कुल जम्मा | | | २५२०००.० | | |

त्यस्तै एउटै व्यक्तिलाई दोहोरो भत्ता वितरण गरेकोले दोहोरो भत्ता वितरण रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | वडा नं. | भत्ता लिनेको नाम | भत्ताको प्रकार | संरक्षकको नाम | हुनुपर्ने रकम | भएको रकम | कैफियत |
| | | | २ | सन्तोष खाति | क्षेत्र तोकीएका वालवालिका | सन्तोषी खाती | ३२०० | ६४०० | दोस्रो र तेस्रो चौमासिक दोहोरो |
| | | | ५ | अन्जना कडाल | क्षेत्र तोकीएका बालबालिका | सरिता कडाल | १६०० | ३२०० | प्रथम चौमासिक दोहोरो |
| | | | ५ | माता दमाइ | जेष्ठ नागरिक दलित | - | ८००० | १२००० | बढी दरमा भत्ता बुझेको |
| | | | जम्मा | | | | १२८०० | २१६०० | |

| | | | | |
|---|---|---|---|---|
| ७२ | | | **सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण**<br>सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ । पालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडा समितिको रोहोवरमा वितरण गरेको पाईएन । | |
| ७३ | | | **लगत कट्टा**<br>मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गरिनेछ ।गाउँपालिपकाले मृतक तथा बसाईसराई गरेका लाभग्राहीहरुको नामावलि समयमै लगत कट्टी गर्ने गरेको पाईएन । | |
| ७४ | | | **कार्य योजना**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ७५ | | | **विपद व्यवस्थापन कोष**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु.३३०२०४२.० आम्दानी भई रु.२१८४४६०० खर्च गरी बाँकी रु.१११७५८२.०५ देखिन्छ । पालिकाले खर्च मध्ये रु.१११७५८२.०५ भुक्तानी गरेको देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम खर्च लेखेको/नियम बनाएको/कोष खडा गरेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ७६ | | | **कोभिड १९ तर्फ**<br>आ.व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः | |


https://nams.oag.gov.np

| **आम्दानी स्रोत** | **रकम रु** | **खर्च शिर्षक** | **रकम रु** |
|---|---|---|---|
| गत बर्षको बाँकी | ४०२०४२.० | राहत वितरण | ० |
| स्थानीय तहको आफ्नै वजेटवाट | १९००००० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ३६७१५० |
| संघीय कोभिड कोषवाट | १०००००० | औषधी एवं स्वास्थ्य उपकरण खरिद | १२९१०१७ |
| प्रदेश कोभिड कोषवाट | ० | आइसोलेसन केन्द्र निर्माण | ५३८६० |
| अन्य स्रोतबाट | ० | जनशक्ति परिचालन | ४६९१४० |
| | | अन्य खर्च | ३२८० |
| | | वाँकी | १११७५८० |
| **जम्मा** | **३३०२०४२** | | **३३०२०२७** |

७७ **पेश्की बाँकी** १,००६,०००

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले १५ दिन भित्र फछ्र्योट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्योट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ ।

| पेश्की लिने व्यक्तिको नाम | प्रयोजन | म्याद नाघेको पेश्की रकम | म्याद ननाघेको पेश्की रकम |
|---|---|---|---|
| संस्थागत पेश्की | | | |
| भंक तातोपानी खा.पा. तथा सरसफाइ योजना उ स | खानेपानी संरचना नर्माण सुधार तथा स्तरोन्नति जलस्रोत परियोजना | २६६५००.० | ०.० |
| | | ५०३००.० | ०.० |
| | जलस्रोत गापा समपुरक कोष | ३७३२००.० | ०.० |
| सित भण्डार निर्माण वडा नं. ४ उ.स. | सित भण्डार निर्माण वडा नं. ४ | ३१६०००.० | ०.० |
| उपभोक्ता समिति | | | ०.० |
| लम्भा झपानी पोको नीजि धारा खापा तथा सरसफाई योजना | खानेपानी संरचना नर्माण सुधार तथा स्तरोन्नति जलस्रोत परियोजना | ०.० | १००००००.० |
| मल्लो पलेटा नीजि धारा खानेपानी तथा सरसफाई योजना | | ०.० | ८०००००.० |
| सुकुलढुङ्गे खानेपानी तथा सरसाफाई योजना | | ०.० | १०८९३७९.९ |
| | | ०.० | ११२२६२१.० |
| लम्भा झपानी पोको निजि धारा खा.पा. तथा सरसफाई योजना | गा.पा. समपूरक कोष | ०.० | ५०००००.० |
| मल्लो पलेटा नीजि धारा खानेपानी तथा सरसफाई योजना | | ०.० | ९६३०००.० |
| | | १००६०००.० | ५४७५०००.० |

| | | | | |
|---|---|---|---|---|
| ७८ | | | **आन्तरिक लेखापरीक्षणबाट कायम वेरुजु**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७७ को दफा ८५ मा आन्तरिक लेखापरीणबाट कायम बेरुजू अन्तिम लेखापरीक्षण हुनु सम्म फर्स्यौट भईसक्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित निम्नानुसार ब्यहोराहरु लेखापरीक्षण अवधि सम्म फर्स्यौट नभएकोले नियमानुसार फर्स्यौट हुनु पर्दछ । | |
| ७८.१ | | | २३४- कार्यालय भन्दा बाहिरको व्यक्ति चेत प्रसाद चौधरीलाई मोटरसाईकल मर्मतका लागि रकम भुक्तानी गरिएको रकम असुल गर्नुपर्ने रु. | ११,२२० |
| ७८.२ | | | २३४- कार्यालय भन्दा बाहिरको व्यक्ति पदम बहादुर रोकायालाई मोटरसाइकल मर्मत गरिएको भुक्तानी रु.२२०२०।– लिएकोमा असुल उपर गर्नुपर्ने रु. | २२,०२० |
| ७८.३ | | | ३५६- विजय कुमार रजकले भ्रमण भत्ता लिएको समयमा हाजिरि रजिष्टरमा हाजिरि जनाएकोले भ्रमण खर्च असुल गर्नुपर्ने रु | ५,२५० |

| | | | | |
|---|---|---|---|---|
| ७८.४ | | | ४३१- ज्ञान वहादुर विष्टलाई भुक्तानी दिँदा विल भन्दा बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु. | ४,९१५ |
| ७८.५ | | | ४७६- कालिका भगव६ कृषक समुहलाई विलभन्दा बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु. | १,००० |
| ७८.६ | | | ५३८- मनिराम पाध्याले पे.फ. गर्दा अग्रिम आय कर दाखिला नगरेको रकम असुल गरी दाखिल गर्नुपर्ने रु. | १,१७५ |
| ७८.७ | | | ५३९- मनिराम पाध्याले पे.फ. गर्दा अग्रिम आय कर दाखिला नगरेको रकम असुल गरी दाखिल गर्नुपर्ने रु. | १,३६२ |
| ७८.८ | | | ५८७- हरियाली प्रगतिशिल कृषक समूहलाई भुक्तानी गर्दा बहाल कर नकाटी भुक्तानी गरेकोले वहाल कर असुल गर्नुपर्ने रु. | १,०५० |
| ७८.९ | | | ५९३- खप्तड कृषक समूहको भुक्तानी गर्दा विल भर्पाइ भन्दा बढी भक्तानी असुल गर्नुपर्ने रु. | १,३३० |
| ७८.१० | | | ६३२- डौडागाउँ आधुनिक घट्ट मर्मत उपभोक्ता समितिको भुक्तानी गर्दा बहाल कर काट्न छुटेको रकम असुल गर्नुपर्ने रु. | २,५०० |
| ७८.११ | | | ६६३- दलित साझाघर आठविस उ.स. को भुक्तानी दिदा बहालकर काट्न छुटेको रकम असुल गर्नुपर्ने रु. | १,४०० |
| ७८.१२ | | | १५४- लक्ष्मी मा.वि. लाई भुक्तानी दिँदा बहालकर काट्न छुटेको रकम असुल गर्नुपर्ने रु. | २,२०० |
| ७८.१३ | | | १४६- लाटा मन्दिर मर्मत उ.स.लाई भुक्तानी गर्दा बहाल कर १००० छूट भएको र १७१३ बराबरको डोर हाजिरी फाराम कम रहेको रकम असुल गर्नुपर्ने रु. | २,७१३ |
| ७८.१४ | | | ३१८- सांस्कृतिक बाजा खरिद उ.स. वडा नं. २ लाई भुक्तानी गर्दा सम्झौता भन्दा बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु. | ४,००० |
| ७८.१५ | | | ३३२- देउथुम मन्दिर घेरबार उ.स.लाई भुक्तानी दिँदा डोर हाजिरी भन्दा बढी भुक्तानी गएको रकम असुल गर्नुपर्ने रु. | ४५,००० |
| ७८.१६ | | | ३४२- दंगाजी टवल बाटो पि.सि.सि. लाई भुक्तानी दिदा विल भर्पाइ भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ८,१५१ |
| ७८.१७ | | | ३८२- बिच डखला साझा भवन मर्मत तथा शौचालय निर्माण उ.स. लाई भुक्तानी गर्दा विल र डोरु हाजिरी भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | १४,८४० |

| | | | | |
|---|---|---|---|---|
| ७९ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |
| ८० | | | सम्परीक्षण<br>यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ३९६८८ | ५७६६ | ३३९२२ |

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्योटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७६।७७ | ३३ | हर्क ब. रोकायाबाट असुल दाखिला | १५०० | | | | १५०० |
| २ | | | पारिवगर तटवन्धन उ.स. सम्झौता पेश | | ११७६२७ | | | ११७६२७ |
| ३ | | | धनकिसान कृषक समूहको प्रमाण पेश | | २००००० | | | २००००० |
| ४ | | | बाल दिवस कार्यक्रमको विल भर्पाइ पेश | | ६०००० | | | ६०००० |
| ५ | | | छात्रावृत्ती वितरणको विल भर्पाइ पेश | | १०६५६०० | | | १०६५६०० |
| ६ | | | पुर्ण चन्द्रोदय माविको कागजात पेश | | ६४२५६४ | | | ६४२५६४ |
| ७ | | | स्यानेटरी प्याड वितरणको अनुगमन प्रतिवेदन पेश भएको | | १२३३८४२ | | | १२३३८४२ |
| ८ | | ३४ | वायल सिम सिचाइ मर्मतको आनुपातिक कट्टी गरी भुक्तानी | | १०७७०७ | | | १०७७०७ |
| ९ | | | चक्रेश्वर मा.वि. नि.उ.स.लाई आनुपातिक कट्टी गरी भुक्तानि | | १४४७६० | | | १४४७६० |
| १० | २०७६।७७ | ४६ | गणेशराज जोशीबाट कर असुल दाखिला भएको | १५१५५ | | | | १५१५५ |
| ११ | | ५९ | कुम्भराज कठायतबाट असुल गरी दाखिला भएको | ५४६८६ | | | | ५४६८६ |
| १२ | | | कृष्ण प्रसाद उपाध्याय असुल | १३३४८ | | | | १३३४८ |
| १३ | | | भिष्मराज पाण्डेबाट असुल | १३३४८ | | | | १३३४८ |
| १४ | | | जगत व. सिंबाट असुल | १३३४८ | | | | १३३४८ |
| १५ | | | देव वहादुर साहीबाट असुल | १३३४८ | | | | १३३४८ |
| १६ | | | नर बहादुर विष्टबाट असुल | १३३४८ | | | | १३३४८ |
| १७ | | | जयबहादुर विष्टबाट असुल | १३३४८ | | | | १३३४८ |
| १८ | | | मदनराज शर्माबाट असुल | १३३४८ | | | | १३३४८ |
| १९ | | | धनवहादुर विष्टबाट असुल | १३३४८ | | | | १३३४८ |
| २० | | | कलक बहादुर विष्टबाट असुल | १३३४८ | | | | १३३४८ |
| २१ | | | प्रेम बहादुर वोहराबाट असुल | १३३४८ | | | | १३३४८ |
| २२ | | | महारम जोशीबाट असुल | १३३४८ | | | | १३३४८ |
| २३ | | | मिन बहादुर सिंबाट असुल | १२५९५ | | | | १२५९५ |
| २४ | | | कृष्ण प्रसाद उपाध्यबाट असुल | ५३५७ | | | | ५३५७ |
| २५ | | ७६ | बम विष्ट र संगित रोकायाबाट असुल | ७८३० | | | | ७८३० |
| २६ | | ३३ | हर्क बहादुर रोकायाबाट असुल | १५०० | | | | १५०० |
| २७ | | | शुशिला वोहरा प्रमाण पेश | | ४८२०० | | | ४८२०० |
| २८ | | ७६ | भ्रमण खर्च दिने आधार पेश भएको | | ४०००० | | | ४०००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २९ | ०७५।७६ | ३७.६ | चिप्लेटी निजिधारा खापा योजनाको प्रमाण पेश भएको | | २६०५४७.९३ | | | २६०५४७.९३ |
| ३० | | ३३ | शान्ति मा.वि. पेश्की फर्छ्यौट | | | | १६००००० | १६००००० |
| ३१ | २०७४/७५ | ३६ | मोहनराज जोशीको भ्रमण भत्ता असुल भई दाखिला | १५४९५ | | | | |
| ३२ | २०७५/७६ | ३९.१ | देहायका पदाधिकारीहरुको आय कर असुल<br>**पदाधिकारीको नाम** — **रकम**<br>श्री मोहनराज जोशी — 9200<br>गणेशराज जोशी — 9200<br>हेम बहादुर खड्का — 9200<br>दिल बहादुर सिंह — 9200<br>भुवनेश्वर उपाध्याय — 59280<br>धर्मराज भट्ट — 9200<br>दिर्घराज जोशी — 9260<br>विष्णुराज जोशी — 9200<br>अनिल कुमार विष्ट — 9200<br>जम्मा — 132940 | १३२९४० | | | | |
| ३३ | २०७५/७६ | ४१.५ | विष्णुराज जोशीलाई सहजिकरण भत्ता बढी भुक्तानी असुल | १६६०० | | | | |
| ३४ | २०७५/७६ | २३ | अनिल कुमार विष्टलाई मासुपसलमा भुक्तानी असुल | १५०००० | | | | |
| | | | जम्मा | ५६०४८६ | ३९२०८४८ | | १६००००० | ६०८१३३४ |

८१ बेरुजु अद्यावधिक

यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ३९६८८ | ६०८१ | १४७१९ | ० | ४८३२६ |